**आकाशवाणी**

**6th of June**

**मुख्य समाचार**

- **प्रधानमन्त्रीले छयालिस हजार करोड रुपैयाँभन्दा बढी लागतमा निर्माण भएका विकास परियोजनाहरू राष्ट्रलाई गर्नुभयो समर्पण**
- **गृहमन्त्री अमित शाहद्वारा भारतीय भाषा अनुभागको उद्घाटन**
- **सिक्किमको लाछेनमा फसेका सबै पर्यटकको सफल उद्धार**
- **भारत–इंग्ल्याण्ड टेस्ट श्रृंखलाका लागि भारतीय टिम इंग्ल्याण्ड प्रस्थान**

**भारतले सेवा, सुशासन र गरिब कल्याणका सिद्धान्तहरूबाट प्रेरित भई एक दशकमा उल्लेखनीय परिवर्तन हासिल**

भारतले सेवा, सुशासन र गरिब कल्याणका सिद्धान्तहरूबाट प्रेरित भई एक दशकमा उल्लेखनीय परिवर्तन हासिल गरेको छ। आकाशवाणी समाचारले पछिल्ला 11 वर्षमा सरकारका प्रमुख प्रयासहरूबारे विशेष रिपोर्ट प्रस्तुत गर्दै आएको छ। आज हामी सांस्कृतिक सम्पदा संरक्षणमा केन्द्रित छौं, जुन भारतको सभ्यताको गौरव पुनर्जीवित गर्ने प्रमुख प्रयास हो।

**प्रधानमन्त्रीले छयालिस हजार करोड रुपैयाँभन्दा बढी लागतमा निर्माण भएका विकास परियोजनाहरू राष्ट्रलाई गर्नुभयो समर्पण**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ कि जम्मु–कश्मीरको विकास यात्रामा विभिन्न प्रमुख परियोजनाहरूको उद्घाटन एक महत्वपूर्ण कदम हो। कटरामा चिनाब ब्रिज र अञ्जी पुलको उद्घाटन गर्दै उहाले भन्नुभयो कि अत्याधुनिक चिनाब ब्रिजले जम्मु र श्रीनगरबीचको कनेक्टिविटी सुधार गर्नेछ। प्रधानमन्त्रीले खुसी व्यक्त गर्दै भन्नुभयो कि कश्मीरदेखि कन्याकुमारीसम्म देश अब रेलवे सञ्जालमार्फत जोडिएको छ। **BYTES…** उहाले उधमपुर–श्रीनगर–बारामुल्ला रेललाइन परियोजनालाई नयाँ र सशक्त जम्मु–कश्मीरको प्रतीक भन्नुभयो। चिनाब र अञ्जी पुलले जम्मु–कश्मीरका लागि समृद्धिको प्रवेशद्वारको रूपमा काम गर्ने उहाले थप बताउनुभयो। प्रधानमन्त्रीले भन्नुभयो कि भारत कहिल्यै आतंकवादको अगाडि झुक्दैन। पहलगाममा आतंकवादीहरूले केवल मानवता मात्र होइन, कश्मीरियतमाथि पनि हमला गरेको प्रधानमन्त्रीको भनाइ थियो। कश्मीरको पर्यटन क्षेत्रमा लक्षित गरिएको हमला हजारौं कश्मीरी परिवारहरूको जीविकासँग जोडिएको उहाले उल्लेख गर्नुभयो। उहाले  थप भन्नुभयो,अप्रेशन सिन्दूरपछि विश्वभर भारतको रक्षा प्रणाली र आत्मनिर्भरताको चर्चा भइरहेको छ। प्रधानमन्त्रीले जनतालाई भारतमा निर्मित वस्तुहरूलाई प्राथमिकता दिन पनि आग्रह गर्नुभयो। आज प्रधानमन्त्रीले छयालिस हजार करोड रुपैयाँभन्दा बढी लागतमा निर्माण भएका विकास परियोजनाहरू राष्ट्रलाई समर्पण गर्नुभयो। साथै, जम्मु–कश्मीरमा सञ्चालन हुने वन्दे भारत रेलहरूलाई हरियो झण्डा देखाउँदै शुभारम्भ गर्नुभयो। उहाँले जम्मुमा मेडिकल कलेजको शिलान्यास पनि गर्नुभयो।

**गृहमन्त्री अमित शाहद्वारा भारतीय भाषा अनुभागको उद्घाटन**

गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा भारतीय भाषा अनुभागको उद्घाटन गर्नु भएको छ। उहाले यो अनुभाग प्रशासनलाई विदेशी भाषाको प्रभावबाट मुक्त गराउने दिशामा ऐतिहासिक कदम सावित हुने बताउनुभएको छ। श्री शाहले मातृभाषामा सोच्ने, विश्लेषण गर्ने र निर्णय लिने प्रक्रियामार्फत मात्र व्यक्तिगत क्षमताको पूर्ण उपयोग सम्भव हुने बताउनुभयो। उहाका अनुसार, भारतले सबै स्थानीय भाषालाई सुदृढ बनाउँदै मात्र गौरवशाली स्थिति प्राप्त गर्न सक्छ। गृहमन्त्रीले भारतीय भाषा अनुभागले देशको भाषिक विविधतालाई समेट्दै सबै भाषाका लागि एक सुदृढ र संगठित मंच उपलब्ध गराउने विश्वास व्यक्त गर्नुभयो। उहाले प्रविधिको प्रयोग गर्दा भाषाहरूको समृद्धि र संवेदनशीलता प्रभावित हुन नदिने कुरामा पनि जोड दिनुभयो।

**पियूष गोयलले भारतको प्रत्यक्ष विदेशी लगानी (एफडीआई) यात्रालाई परिवर्तनकारी**

वाणिज्य तथा उद्योग मन्त्री पियूष गोयलले भारतको प्रत्यक्ष विदेशी लगानी (एफडीआई) यात्रालाई परिवर्तनकारी उल्लेख गर्नुभएको छ। उहाले एक लगानीकर्ता गोलमेच सम्मेलनमा अधिकांश क्षेत्रहरूमा स्वचालित मार्गमार्फत 100 प्रतिशत एफडीआईको अनुमति रहेको कुरा प्रष्ट पार्नुभयो। श्री गोयलले भारतलाई विश्वकै सबैभन्दा रुचाइएको लगानी गन्तव्य बनाउन सरकार प्रतिबद्ध रहेको पुनः पुष्टि गर्नुभयो।

**रिज़र्भ बैंकको रेपो दरमा 50 आधार बिन्दुको कटौती, विकास दर 6.5% यथावत्**

रिज़र्भ बैंकको मौद्रिक नीति समितिले आज रेपो दरमा 50 आधार बिन्दुको कटौती गर्दै यसलाई 5.50 प्रतिशतमा झारेको छ। यो वर्ष 2025 मा हालसम्म कुल एक प्रतिशतको कटौती गरिएको हो। गभर्नर संजय मल्होत्राले ब्याज दरमा कटौतीले आर्थिक वृद्धिमा सहयोग पुग्ने बताउनुभएको छ। उहाका अनुसार, मुद्रास्फीति दर 4 प्रतिशतभन्दा तल छ, र आगामी दिनमा मूल्यवृद्धिमा थप कमी आउने अपेक्षा गरिएको छ। रिज़र्भ बैंकले मौद्रिक नीतिलाई "न्यूट्रल" राखेको छ र आगामी निर्णयहरू तथ्यांकको आधारमा हुने जनाएको छ। बैंकले आर्थिक वर्ष 2025-26का लागि विकास दरको अनुमान 6.5 प्रतिशतमा यथावत् राखेको छ, भने मुद्रास्फीति अनुमान घटाएर 3.7 प्रतिशतमा ल्याएको छ।

**सिक्किमको लाछेनमा फसेका सबै पर्यटकको सफल उद्धार**

मङ्गन जिल्ला अन्तर्गतको लाछेन क्षेत्रमा हालैको प्राकृतिक विपत्तिपछि फसेका सबै पर्यटकहरूलाई आज सुरक्षित रूपमा उद्धार गरिएको छ। मङ्गनका पुलिस अधिक्षक तथा जिल्लापाल  निगरानीमा सञ्चालन भएको उद्धार अभियान सफल भएको स्थानीय प्रशासनले पुष्टि गरेको छ। भारतीय वायुसेनाका हेलिकप्टरहरूले आज बागडोग्रा र पाकयोंगबाट उडान भरेर छातेन क्षेत्रमा फसेका बाँकी पर्यटकहरू साथै केही स्थानीय नागरिकहरूलाई सुरक्षित स्थानमा ल्याएका हुन्। उद्धार गरिएका सबै व्यक्तिहरूलाई उनीहरूको गन्तव्यतर्फ पठाइएको छ।

**26/11 हमलाका आरोपी तहव्वुर रानाको न्यायिक हिरासत ९ जुलाईसम्म बढ्यो**

दिल्लीको एक अदालतले 26/11 मुम्बई आतंकवादी हमलाका आरोपी तहव्वुर हुसैन रानाको न्यायिक हिरासत आगामी जुलाई 9 सम्मका लागि बढाएको छ। विशेष न्यायाधीश चंदर जीत सिंहले आज भिडियो कन्फरेन्समार्फत अदालतमा प्रस्तुत गरिएका रानाको हिरासत अवधि समाप्त भएपछि नयाँ आदेश जारी गर्नुभएको हो। पटियाला हाउस अदालतले तिहाड़ जेल प्रशासनलाई रानाको स्वास्थ्य स्थिति सम्बन्धी प्रतिवेदन पेश गर्न आदेश दिएको छ। रानाका कानुनी प्रतिनिधिले अदालतमा उहाको बिग्रँदो स्वास्थ्यको विषय उठाउनु भएको थियो।

**आयुष्मान भारत योजनाले बिहारमा लाखौँ परिवारलाई स्वास्थ्य सुरक्षाको पहुँच दिलायो**

आयुष्मान भारत–प्रधानमन्त्री जन आरोग्य योजनाले देशभरका आवश्यक पर्ने नागरिकलाई सस्तो र गुणस्तरीय स्वास्थ्य उपचारको अधिकार सुनिश्चित गरेको छ। सार्वभौमिक स्वास्थ्य सेवा उपलब्ध गराउने दिशामा कदम चाल्दै, यो योजना विशेष गरी बिहारमा लाखौँ वञ्चित परिवारहरूका लागि सहज र गुणस्तरीय उपचारको माध्यम बनेको छ। सेवा, सुशासन र गरीब कल्याणको सिद्धान्तमा आधारित यो योजना नयाँ भारतको प्रतिनिधित्व गर्छ।

**भारत–इंग्ल्याण्ड टेस्ट श्रृंखलाका लागि भारतीय टिम इंग्ल्याण्ड प्रस्थान**

भारत र इंग्ल्याण्डबीच पाँच टेस्ट खेलहरूको श्रृंखला खेल्न भारतीय क्रिकेट टिम आज इंग्ल्याण्ड प्रस्थान गरेको छ। श्रृंखलाको पहिलो टेस्ट 20 जूनदेखि leeds-स्थित Headingley Stadium मा सुरु हुनेछ।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **प्रधानमन्त्रीले छयालिस हजार करोड रुपैयाँभन्दा बढी लागतमा निर्माण भएका विकास परियोजनाहरू राष्ट्रलाई गर्नुभयो समर्पण**
- **गृहमन्त्री अमित शाहद्वारा भारतीय भाषा अनुभागको उद्घाटन**
- **सिक्किमको लाछेनमा फसेका सबै पर्यटकको सफल उद्धार**
- **भारत–इंग्ल्याण्ड टेस्ट श्रृंखलाका लागि भारतीय टिम इंग्ल्याण्ड प्रस्थान**